# बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कर्मैया,सर्लाही
## शिलबन्दी वोलपत्र आव्हानको सूचना
## (प्रथम पटक प्रकाशित मिति : २०७५।०९।९)

बागमती नगरपालिकाको मिति २०७५।०९।७ को निर्णय तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा व्यवस्था भएको आ.व. २०७५।७६ को तपसिल बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने बागमती नदी क्षेत्रको नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा,) संकलन, उत्खनन तथा विक्री वितरण गर्न यो बोलपत्र आब्हान गरिएकोले इच्छुक फर्म वा कम्पनीले आफ्नो फर्मको नविकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य स्वघोषणा पत्र पेश गरी निम्न सर्तहरुका अधिनमा रही तपसिल बमोजिमको मिति, समय र स्थानमा सिलबन्दी वोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि. नं. | ठेक्काको किसिम र परिमाण | न्यूनतम ठेक्का अंक रु.( मूल्यअभिवृद्धि कर बाहेक) | बोलपत्र जमानत वापतको रकम रु. | पछि फिर्ता नहुने गरी बोलपत्र फाराम दस्तुर (रु.) |
|---|---|---|---|---|
| १. | बागमती नदि क्षेत्रको नदी जन्य पदार्थ ( ढुंगा, गिटी, वालुवा) संकलन,उत्खनन तथा विक्री वितरण ,इ आइ ए समेतको आधारमा नगरस्तरीय अनुगमन समितिले निर्धारण गरेको क्षेत्रबाट जम्मा ४००००००(चालिस लाख) घन फिटको परिमाण । | १,६०,०००००।०० (एक करोड साठी लाख ) | ८,००,०००।०० (आठ लाख) | ५,०००।०० (पांच हजार) |

शर्तहरु :

१.वोलपत्र खरिद गर्ने मिति, समय र स्थान : २०७५।०९।९ देखि २०७५।०९।१९ सम्म, कार्यालय समय भित्र, बागमती नगरपालिका नगरकार्यपालिका कार्यालय र बागमती नगरपालिकाको वडा कार्यालयहरु ।

२.वोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : २०७५।९।२० गते दिनको १२:०० बजे , बागमती नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कर्मैया, सलाही ।

३.वोलपत्र खोल्ने मिति, समय र स्थान : २०७५।९।२० गते दिनको २:०० बजे बागमती नगरकार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही ।

४.बोलपत्र जमानत वापतको रकम बागमती नगरपालिकाको नाममा 'क' वर्गको वैंकको १८० दिन अवधिको बैक जमानत वा जमानत वापतको रकम नेपाल बैंक लि. हरिवन, शाखाको बागमती नगरपालिकाको नाममा रहेको धरौटी खाता नं. १३२०३००००००००३००००२ वा बागमती नगरपालिकाको नाममा रहेको एन.आइ.सि. एशिया बैंक, हरिवन शाखा मा रहेको धरौटी खातामा नं. ४५CA०५२६३९५५२४०४ मा जम्मा गरेको सक्कल भौचर सिलवन्दी वोलपत्रसाथ संलग्न हुनु पर्नेछ ।

५.मूल्यांकन विधी : न्यूनतम रकम भन्दा माथि बढाबढ ।

६.बोलपत्र सम्बन्धी विस्तृत जानकारी बागमती नगरपालिकाको सूचना पाटी तथा वेवसाईट bagmatimunsarlahi.gov.np मा बाट हेर्न सकिनेछ ।

७.ठेक्का सम्बन्धी थप शर्तहरु देहाय बमोजिम रहने छन् :

क) स्वीकृत कबोल अंक बरावरको यस नगरपालिकाको नाममा 'क' वर्गको वैंकको २ वर्ष अवधि भएको कार्यसम्पादन जमानत प्राप्त भएपछि वा कबोल अंक बराबरको रकम प्राप्त भए पछि मात्र सम्झौता गरी पट्टा प्रदान गरिने छ ।

ख) सम्झौता  गर्नु पुर्व सम्झौता रकम एकमुष्ट बुझाएमा कार्यसम्पदन जमनत वापतको रकम राख्नु पर्ने छैन् । किस्ताबन्दीमा रकम बुझाउंदा कवोल अंकको ४० प्रतिशत रकम सम्झौता गर्दाको बखत, दोस्रो किस्ता वापत ३० प्रतिशत रकम पौष मसान्तभित्र र बाँकी ३० प्रतिशत रकम चैत्र  मसान्तभित्र बुझाउनु पर्नेछ । सम्झौता रकमको जति प्रतिशत रकम यस कार्यालयमा बुझएको हो, सो भन्दा वांकी रकमको मात्र कार्यसम्पदन जमानत आवश्यक पर्ने छ ।

ग) कुनै कारणबाट कबोल अंक बराबरको रकम नउठेमा बोलपत्र दातालाई कुनै छुट दिईने छैन ।

घ) प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर तथा अन्य शूल्क सम्बन्धित निकायमा बोलपत्र दाताले नै बुझाउनु पर्नेछ । स्वीकृत कवोल अंकबाट कट्टा गर्न पाइने छैन् ।

ड.) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ जेठ मसान्तसम्म कायम रहने छ ।

च) वोलपत्र दाताले कवोल गरेको रकम कार्यसम्पादन जमानत बाफत रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक  पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।

छ) बोलपत्र स्वीकृत भएको मितिले बाटोको म्याद बाहेक ७ ( सात) दिन भित्र बोलपत्र दाता नियमअनुसार आयकर, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि लिई सम्झौता गर्न यस कार्यालयमा  आउनु पर्नेछ । सम्झौता गरी पट्टा नउठाएमा वा बुझाउनु पर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार राखेको धरौटी रकम जफत गरिनेछ । दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आहवान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

ज) यस सुचनामा उल्लेख नभएका विषयहरु यस नगरकार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ ।

झ) बोलपत्र सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

ट) सम्मानित अदालत ,नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको नीति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवम् दायित्व हुनेछ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सो को क्षतिपूर्तिको दावी ठेकेदारले नगरपालिकासंग गर्न पाउंने छैन् ।

ठ) "वागमती नगरपालिका नदी जन्य पदार्थ (ढुंगा , गिटी ,वालुवा ) उत्खनन, संकलन र विकी वितरण सम्बन्धि वार्षिक कार्ययोजना आ.व. २०७५।७६" को पुर्णरुपमा पालना गर्नु पर्ने छ ।